# प्राथमिक तह

| क.सं. | समूह☞ | खुला | महिला | दलित महिला | मुस्लिम महिला | आदिवासी/जनजाति | मधेशी | दलित | अपाङ्ग | पिछडिएको क्षेत्र |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | विज्ञापन नं.☞ | ३५०१।०६९-७० | ३५०२।०६९-७० | ३५०३।०६९-७० | ३५०४।०६९-७० | ३५०५।०६९-७० | ३५०६।०६९-७० | ३५०७।०६९-७० | ३५०८।०६९-७० | ३५०९।०६९-७० |
| | जिल्ला | पदसंख्या | | | | | | | | |
| १ | ताप्लेजुङ | ६५ | १६ | १ | | १४ | १२ | ५ | ३ | २ |
| २ | पांचथर | ९० | २३ | १ | | २० | १६ | ७ | ४ | ३ |
| ३ | ईलाम | १०२ | २६ | १ | | २३ | १८ | ८ | ४ | ३ |
| ४ | झापा | ७७ | २० | १ | | १७ | १४ | ६ | ३ | २ |
| ५ | संखुवासभा | ६१ | १५ | १ | | १३ | ११ | ४ | ३ | २ |
| ६ | तेन्हथुम | ८२ | २१ | १ | | १८ | १५ | ६ | ३ | ३ |
| ७ | धनकुटा | ६५ | १७ | १ | | १४ | १२ | ५ | ३ | २ |
| ८ | भोजपुर | १०० | २६ | १ | | २२ | १८ | ७ | ४ | ३ |
| ९ | मोरङ | १०२ | २६ | १ | | २३ | १८ | ८ | ४ | ३ |
| १० | सुनसरी | ४८ | १२ | १ | | ११ | ९ | ४ | २ | १ |
| ११ | सोलुखुम्वु | ४२ | ११ | | | ९ | ८ | ३ | २ | १ |
| १२ | खोटाङ | ५० | १२ | १ | | ११ | ९ | ४ | २ | २ |
| १३ | ओखलढुंगा | ४३ | १२ | | | ९ | ८ | ३ | २ | १ |
| १४ | उदयपुर | ४१ | ११ | | | ९ | ८ | ३ | २ | १ |
| १५ | सप्तरी | ११० | २८ | १ | १ | २४ | २० | ८ | ४ | ४ |
| १६ | सिरहा | ६३ | १६ | १ | | १४ | ११ | ५ | ३ | २ |
| १७ | दोलखा | ३२ | ९ | | | ७ | ६ | २ | १ | १ |
| १८ | रामेछाप | ४३ | १२ | | | १० | ८ | ३ | २ | १ |
| १९ | सिन्धुली | ३६ | १० | | | ८ | ६ | ३ | १ | १ |
| २० | धनुषा | ८९ | २३ | १ | | १९ | १६ | ६ | ४ | ३ |
| २१ | महोत्तरी | ५८ | १५ | १ | | १३ | १० | ४ | २ | २ |
| २२ | सर्लाही | ६१ | १६ | १ | | १४ | ११ | ४ | २ | २ |
| २३ | सिन्धुपाल्चोक | ६२ | १६ | १ | | १४ | ११ | ४ | २ | २ |
| २४ | रसुवा | ३१ | ९ | | | ७ | ६ | २ | १ | १ |
| २५ | नुवाकोट | ८३ | २१ | १ | | १८ | १५ | ६ | ३ | ३ |
| २६ | धादिङ | ५० | १२ | १ | | ११ | ९ | ४ | २ | १ |
| २७ | काभ्रेपलान्चोक | ६७ | १७ | १ | | १५ | १२ | ५ | ३ | २ |
| २८ | भक्तपुर | १५ | ४ | | | ३ | ३ | १ | १ | |
| २९ | काठमाडौं | १७२ | ४४ | १ | १ | ३८ | ३१ | १३ | ७ | ५ |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ३० | ललितपुर | ३६ | १० | | | ८ | ६ | ३ | १ | १ |
| ३१ | मकवानपुर | ७६ | १९ | १ | | १७ | १४ | ६ | ३ | २ |
| ३२ | चितवन | ६५ | १७ | १ | | १४ | १२ | ५ | ३ | २ |
| ३३ | रौतहट | ३५ | ९ | | | ८ | ६ | ३ | १ | १ |
| ३४ | वारा | ६९ | १८ | १ | | १५ | १२ | ५ | ३ | २ |
| ३५ | पर्सा | ६४ | १६ | १ | | १४ | ११ | ५ | ३ | २ |
| ३६ | गोरखा | १०७ | २७ | १ | १ | २४ | १९ | ८ | ४ | ३ |
| ३७ | मनाङ | १४ | ४ | | | ३ | २ | १ | १ | |
| ३८ | लमजुङ | ८३ | २२ | १ | | १८ | १५ | ६ | ३ | ३ |
| ३९ | कास्की | ६२ | १६ | १ | | १४ | ११ | ५ | २ | २ |
| ४० | तनहुँ | ९४ | २४ | १ | | २० | १७ | ७ | ४ | ३ |
| ४१ | स्याङ्जा | ७२ | १९ | १ | | १६ | १३ | ५ | ३ | २ |
| ४२ | नवलपरासी | ८९ | २३ | १ | | १९ | १६ | ६ | ४ | ३ |
| ४३ | पाल्पा | ११३ | २८ | १ | १ | २५ | २० | ८ | ५ | ४ |
| ४४ | गुल्मी | ६० | १५ | १ | | १३ | ११ | ४ | ३ | २ |
| ४५ | अर्घाखांची | ९५ | २५ | १ | | २१ | १७ | ७ | ४ | ३ |
| ४६ | रूपन्देही | ८६ | २२ | १ | | १९ | १६ | ६ | ४ | ३ |
| ४७ | कपिलवस्तु | ८१ | २१ | १ | | १८ | १५ | ६ | ३ | ३ |
| ४८ | मुस्ताङ | २४ | ६ | | | ५ | ४ | २ | १ | १ |
| ४९ | म्याग्दी | ३९ | १० | | | ९ | ७ | ३ | २ | १ |
| ५० | वाग्लुङ | ९९ | २६ | १ | | २२ | १८ | ७ | ४ | ३ |
| ५१ | पर्वत | २६ | ७ | | | ६ | ५ | २ | १ | १ |
| ५२ | रूकुम | ३४ | ९ | | | ८ | ६ | ३ | १ | १ |
| ५३ | रोल्पा | ६४ | १६ | १ | | १४ | १२ | ५ | ३ | २ |
| ५४ | सल्यान | २४ | ७ | | | ५ | ४ | २ | १ | १ |
| ५५ | प्यूठान | ८९ | २३ | १ | | १९ | १६ | ६ | ४ | ३ |
| ५६ | दाङ | ३१ | ८ | | | ७ | ६ | २ | १ | १ |
| ५७ | हुम्ला | २५ | ७ | | | ६ | ४ | २ | १ | १ |
| ५८ | मुगु | १८ | ५ | | | ४ | ३ | १ | १ | |
| ५९ | डोल्पा | २० | ५ | | | ४ | ४ | १ | १ | १ |
| ६० | कालिकोट | २१ | ६ | | | ५ | ४ | १ | १ | १ |
| ६१ | जुम्ला | २७ | ७ | | | ६ | ५ | २ | १ | १ |
| ६२ | जाजरकोट | ४३ | १२ | | | १० | ८ | ३ | २ | १ |
| ६३ | दैलेख | ४१ | ११ | | | ९ | ७ | ३ | २ | १ |
| ६४ | सुर्खेत | ४१ | ११ | | | ९ | ८ | ३ | २ | १ |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ६५ | बाँके | ४७ | १२ | १ | | १० | ९ | ३ | २ | २ |
| ६६ | बर्दिया | ३५ | ९ | | | ८ | ६ | ३ | १ | १ |
| ६७ | बाजुरा | २६ | ७ | | | ६ | ५ | २ | १ | १ |
| ६८ | बझाङ | ३९ | १० | | | ८ | ७ | ३ | २ | १ |
| ६९ | अछाम | ३६ | १० | | | ८ | ६ | ३ | १ | १ |
| ७० | डोटी | ४४ | १२ | | | १० | ८ | ३ | २ | १ |
| ७१ | कैलाली | ३१ | ८ | | | ७ | ६ | २ | १ | १ |
| ७२ | दार्चुला | ५५ | १४ | १ | | १२ | १० | ४ | २ | २ |
| ७३ | बैतडी | ५४ | १४ | १ | | १२ | १० | ४ | २ | २ |
| ७४ | डडेलधुरा | ४० | ११ | | | ९ | ७ | ३ | २ | १ |
| ७५ | कञ्चनपुर | २१ | ६ | | | ५ | ४ | १ | १ | १ |

**परीक्षाको किसिम :** लिखित र अन्तर्वार्ता

**परीक्षा केन्द्र :** सम्बन्धित जिल्ला शिक्षा कार्यालयले तोकेका केन्द्रहरु

**परीक्षा दस्तुर :** माध्यमिक तहका लागि रु. ७००।-, निम्नमाध्यमिक तहका लागि रु ४००।- प्राथमिक तहका लागि रु. ३००।- र समावेशीका लागि प्रति थप समूह माध्यमिक तहका लागि रु. ३००।- निम्नमाध्यमिक तहका लागि रु. २००।- र प्राथमिक तहका लागि रु. १५०।-

**दरखास्त दिने स्थान :** सम्बन्धित जिल्ला शिक्षा कार्यालयहरु

**दरखास्त दिने अन्तिम मितिः** २०६९।१०।२५ गते सम्म र दोब्बर दस्तुरले ०६९।११।०३ गतेसम्म

**लिखित परीक्षा हुने मिति :** **माध्यमिक तह :** २०७० जेष्ठ ९ गते बिहान ८:०० बजे
**निम्नमाध्यमिक तह :** २०७० जेष्ठ १० गते बिहान ८:०० बजे
**प्राथमिक तह :** २०७० जेष्ठ ११ गते बिहान ८:०० बजे

**अन्तर्वार्ता** लिखित परीक्षाको नतिजा प्रकाशन भएको समयमा अन्तर्वार्ताको मिति, समय र स्थान उल्लेख गरिनेछ।

**आवश्यक न्यूनतम शैक्षिक योग्यता र तालिम**

(क) माध्यमिक तहका लागि

- सम्बन्धित विषयमा स्नातक तह वा सो सरहको परीक्षा उत्तीर्ण गरी शिक्षा विषयमा कम्तिमा दश महीने तालिम लिएको।
- सामाजिक अध्ययन विषयको हकमा स्नातक तह वा सो सरह उत्तीर्ण गरी शिक्षा विषयमा दश महीने तालिम प्राप्त गरेको व्यक्ति उम्मेदवार बन्न सक्नेछ।
- स्वास्थ्य जनसंख्या तथा बातावरण विषयमा उम्मेदवार बन्न स्वास्थ्य वा स्वास्थ्य र शारीरिक वा जनसंख्या विषयमा स्नातक तह वा सो सरह उत्तीर्ण गरी शिक्षा विषयमा कम्तिमा १० महीने तालिम प्राप्त गरेको हुनु पर्नेछ।
- कुनै व्यक्तिले शिक्षा शास्त्रसङ्कायतर्फ स्नातक तह उत्तीर्ण गरेको भए यस प्रयोजनको लागि तालिम प्राप्त गरेको मानिनेछ।
- अन्य संकायबाट स्नातक तह पूरा गरी एकवर्षे बि.एड. गरेको व्यक्तिले शुरुमा स्नातक गरेको वा एकवर्षे बि.एड. गरेको मध्ये आफूले राजेको कुनै एक विषयमा उम्मेदवार बन्न सक्नेछ।

(ख) निम्नमाध्यमिक तहका लागि

- सम्बन्धित विषयमा प्रवीणता प्रमाणपत्र तह वा सो सरहको परीक्षा उत्तीर्ण गरी शिक्षा विषयमा कम्तिमा दश महीने तालिम पूरा गरेको।
- गणित/विज्ञान विषयमा उम्मेदवार हुनका लागि विज्ञान संकाय वा अन्य संकायबाट गणित र विज्ञान दुवै विषयहरुमा प्रमाणपत्र तह वा सो सरहको योग्यता हासिल गरी शिक्षा विषयमा कम्तिमा १० महीने तालिम पूरा गरेको।
- दुईसय पूर्णाङ्कको शिक्षासम्बन्धी विषय लिई प्रवीणता प्रमाणपत्र तह वा सो सरहको परीक्षा उत्तीर्ण गरेको भए तालिम प्राप्त मानिनेछ।
- सामाजिक अध्ययन विषयका हकमा प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरी शिक्षा विषयमा कम्तिमा दश महीने तालिम प्राप्त गरेको व्यक्ति उम्मेदवार बन्न सक्नेछ।
- शिक्षा शास्त्र संकायबाट प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरेको भए तालिम प्राप्त मानिनेछ।

(ग) प्राथमिक तहको लागि

- प्रवीणता प्रमणपत्र तह वा सो सरहको परीक्षा उत्तीर्ण गरेको र शिक्षा विषयमा कम्तीमा दश महीने तालिम लिएको माध्यमिक शिक्षा उत्तीर्ण परीक्षामा चारसय पूर्णाङ्कको शिक्षा विषय लिई सो परीक्षा उत्तीर्ण गरेको दुईसय पूर्णाङ्कको शिक्षा सम्बन्धी विषय लिई प्रवीणता प्रमाणपत्र तह वा सो सरहको परीक्षा उत्तीर्ण गरेको ।

(घ) स्थायी अध्यापन अनुमतिपत्र प्राप्त गरेका महिला तथा अपाङ्ग व्यक्तिहरु तालिम नभए पनि यो एक पटकको लागि उम्मेदवार बन्न सक्नेछन् ।

**द्रष्टब्य**

१. दरखास्त फाराम सम्बन्धित जि.शि.का.बाट प्राप्त गर्न वा आयोगको वेबसाइट www.tsc.gov.np बाट डाउनलोड गर्न सकिनेछ । दरखास्त फाराममा आवश्यक विवरण भरी तोकिएका कागजातसहित साधारण फाइलमा उम्मेदवारको नाम, थर , विज्ञापन नं., तह, खुला र समावेशी भए समावेशीको किसिम लेखी फाइलमा नत्थी गरी बुझाउन सकिने छ वा A4 साईजको पेपरमा दिइएको साइजमा फरक नपारी फोटोकपि/ कम्प्युटर टाइप गरी बुझाउन सकिने छ । तर हातले उतार गरी लेखेको दरखास्त फारामलाई मान्यता दिइने छैन ।

२. **दरखास्त फाराम साथ पेश गर्नुपर्ने कागजातहरु**
   - **नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि**
   - **शैक्षिक योग्यता र तालिमका प्रमाणपत्रहरु (ट्रान्स्क्रिप्ट र चारित्रिक प्रमाणपत्र) का प्रतिलिपि (सम्बन्धित पदका लागि चाहिने न्यूनतम शैक्षिक योग्यता र तालिमको मात्र)**
   - **अध्यापन अनुमतिपत्रको प्रतिलिपि**

३. दोब्बर दस्तुरको म्यादलाई शैक्षिक योग्यता र तालिम प्राप्त गर्ने अवधिको प्रयोजनका लागि गणना गरिने छैन ।

४. लिखित परीक्षामा उत्तीर्ण परीक्षार्थीहरुले अन्तर्वार्ता दिन आउँदा शैक्षिक योग्यता, तालिम र नागरिकताको प्रमाणपत्रको सक्कलै प्रमाणपत्र अनिवार्य रुपमा पेश गर्नुपर्ने छ ।

५. सहयोगी लेखक माग गर्ने उम्मेदवारले लिखित परीक्षा शुरु हुनुभन्दा कम्तिमा सात दिन अगावै सम्बन्धित जि.शि.का.मा सप्रमाण निवेदन दिनुपर्नेछ, अन्यथा सहयोगी उपलव्ध गराइने छैन ।

६. समावेशी पदमा समेत उम्मेदवार बन्ने व्यक्तिहरुले दरखास्त फारामको पहिलो पेजमा उल्लेख भएका विभिन्न समूहमध्ये कुन कुन समूहमा उम्मेदवार बन्ने हो सो कुरा स्पष्ट रुपमा खुलाउनु पर्नेछ र सोका लागि आवश्यक पर्ने कागजात अनिवार्य रुपमा पेश गर्नुपर्ने छ । समावेशी समूहको आदिवासी/जनजाति, मधेशी, दलित समूहमा उम्मेदवार हुने व्यक्तिले कुनै एक पदका लागि भएको विज्ञापनमा कुनै एक समूहको उम्मेदवारका रुपमा मात्र प्रतिस्पर्धा गर्न सकिनेछ ।

७. दरखास्त दिने अन्तिम मितिभित्र निर्धारित शैक्षिक योग्यता हासिल गरीसकेको हुनुपर्ने र शैक्षिक योग्यता प्रदान गर्ने निकाय वा विश्वविद्यालयबाट प्राप्त हुने प्रमाणपत्र वा लब्धाङ्क विवरण (ट्रान्स्क्रिप्ट) र चारित्रिक प्रमाणपत्रको प्रतिलिपि अनिवार्य रुपमा पेश गर्नुपर्ने छ ।

८. कुनै उम्मेदवारले झुट्टा विवरण/कागजात पेश गरेको कुरा पछि थाहा हुन आएमा त्यस्ता उम्मेदवारको दरखास्त स्वीकृत भइसकेको भए पनि जुनसुकै बखत रद्द गरी कानुनबमोजिम कारवाही गरिनेछ ।

९. विज्ञापन भएको एक महीनासम्ममा जिल्ला शिक्षा कार्यालयहरुबाट थप माग प्राप्त भएमा सो समेत विज्ञापित पदमा समावेश गरिनेछ ।

१०. उल्लेखित परीक्षाहरुको पाठ्यक्रम आयोगको वेबसाईट www.tsc.gov.np बाट प्राप्त गर्न सकिनेछ ।

११. **समावेशीतर्फका उम्मेदवारहरुले पेश गर्नुपर्ने थप कागजातहरु**

(क) आदिवासी/जनजातिको सम्बन्धमा नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन, २०५८ मा सूचीकृत भएको जातिको हकमा सोही सूचीको प्रतिलिपि आधारमा र सोही ऐनमा सुचीकृत भएको जातिभित्र एक भन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय निकायको प्रमुखको सिफारिशमा प्रमुख जिल्ला अधिकारीबाट त्यसरी सूचीकृत भएको जातिभित्रको थर हो भनी प्रमाणित भएको कागजात।

(ख) तराई मधेशमा बसोबास गर्ने मधेशी, आदिवासी/जनजाति, दलित, पिछडा वर्ग वा अल्पसङ्ख्यक मुसलमान समुदायका सम्बन्धमा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेबमोजिमको संस्थाबाट तराई मधेशमा बसोबास गर्ने मधेशी, आदिवासी/जनजाति, दलित, पिछडा वर्ग वा अल्पसङ्ख्यक मुसलमान समुदाय भनी प्रमाणित भएको कागजात र त्यसरी नतोकिएको भएमा सम्बन्धित स्थानीय निकायको प्रमुखको सिफारिशमा प्रमुख जिल्ला अधिकारीबाट तराई मधेशमा बसोबास गर्ने मधेशी, आदिवासी/जनजाति, दलित, पिछडा वर्ग वा अल्पसङ्ख्यक मुसलमान समुदाय भनी प्रमाणित गरेको कागजात।

(ग) दलितका सम्बन्धमा राष्ट्रिय दलित आयोगबाट सूचीकृत भएको जातिको हकमा सोही सूचीको आधारमा र सो आयोगबाट सूचीकृत भएको जातिभित्र एकभन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय निकायको प्रमुखको सिफारिशमा प्रमुख जिल्ला अधिकारीबाट त्यसरी सूचीकृत भएको जातिभित्रको थर भनी प्रमाणित भएको कागजात।

(ग) अपाङ्गका हकमा स्वीकृत चिकित्सकको सिफारिशमा समाजकल्याण परिषदबाट अपाङ्गता प्रमाणित भएको कागजात।

(घ) पिछडिएको क्षेत्रका सम्बन्धमा अछाम, कालिकोट, जाजरकोट, जुम्ला, डोल्पा, बझाङ, बाजुरा, मुगु र हुम्ला जिल्लामा स्थायी बसोबास उल्लेख गरी उक्त जिल्लाहरुबाट प्राप्त गरिएको नागरिकताको प्रमाणपत्र तथा सम्बन्धित गाउँ विकास समिति वा नगरपालिकाबाट दरखास्त दिँदाका बखतसम्म सोही स्थानमा स्थायी बसोबास भएको भनी प्रमाणित गरेको कागजात।

१२. उम्मेदवारको यस सूचनामा उल्लेख भएका कुराहरुको अतिरिक्त शिक्षक सेवा आयोग नियमावलीको नियम १० बमोजिमको अयोग्यता नभएको हुनुपर्ने छ।

१३. दरखास्त फारामसाथ पेश गरिएका प्रमाणपत्रका प्रतिलिपीहरु उम्मेदवार स्वयमले प्रमाणपत्रको पछाडिपट्टि सक्कलबमोजिम नक्कल ठिक छ भनी प्रमाणित गरेको हुनुपर्नेछ।

१४. **कार्यरत शिक्षकले पाउने छुट र सुविधा**

- स्वीकृत स्थायी शिक्षक दरबन्दीमा अस्थायी नियुक्ति भई सेवामा रहेका शिक्षकहरु (लियन समेत) को हकमा माध्यमिक शिक्षा वा सो सरहको परीक्षा उत्तीर्ण गरी वा ४०० पूर्णाङ्क वा शिक्षा विषयमा १० महीने तालिम प्राप्त गरेको भए पनि आफू कार्यरत रहेको जिल्ला र तहमा प्राथमिक शिक्षकको पदमा उम्मेदवार हुन सक्नेछ।
- स्थायी नियुक्ति भई बहालवाला शिक्षकको रुपमा काम गरिरहेका शिक्षकहरुलाई यो एक पटकका लागि उम्मेदवार बन्न तालिम आवश्यक पर्ने छैन।
- स्थायी शिक्षकका लागि कुनै पनि तहमा र अस्थायी शिक्षकका लागि काम गरिरहेको तहमा उम्मेदवार बन्न उमेरको हद नलाग्ने।

यो सुविधा लिन माथि उल्लेख गरिएका अस्थायी शिक्षकहरुले आफ्नो नियुक्ति पत्र र जिल्ला शिक्षा कार्यालयबाट दरखास्त दिंदाका बखतसम्म काम गरिरहेको व्यहोरा प्रमाणित भएको कागजात अनिवार्य रुपमा पेश गर्नुपर्ने छ।

१५. **निम्नलिखित व्यक्तिहरुलाई उम्मेदवार बन्न उमेरको हद लाग्ने छैन।**

- संवत् २०५२ सालमा प्रकाशित विज्ञापनबमोजिम स्थायी रुपमा शिक्षकको पदपूर्ति हुँदा अस्थायी शिक्षकबाट हट्न गएका व्यक्तिहरु।
- आधारभूत तथा प्राथमिक शिक्षा परियोजनाअन्तर्गत अस्थायी शिक्षकका रुपमा नियुक्त भई कार्यरत शिक्षकहरु
- २०६१/०६२ सालको विज्ञापनबमोजिम शिक्षक पदपूर्ति गर्दा शिक्षक पदबाट हटेका व्यक्तिहरु